**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः १ मितिः ०६./०२/२०७६

**भाग-२**

**रघुगंगा गाउँपालिका**

**करार शिक्षक पदपूर्ति कार्यविधि२०७६-**

## करार शिक्षक पदपूर्ति कार्यविधि-२०७६

नेपालको संविधान  तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ज)को शिक्षा सम्वन्धी कानुनी व्यवस्था लाई कार्यान्वयन गर्न विद्यालयमा रिक्त शिक्षक तथा कर्मचारीहरुको करारमा पद पूर्ति गर्न वान्छनीय भएकाले रघुगंगा गाउँपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम रघुगंगा गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१ संक्षिप्त नाम र  प्रारम्भ

क यो कार्यविधिको नाम्- करार शिक्षक, छनौट कार्यविधि-२०७६

ख यो कार्यविधि  तुरुन्त लागु हुने छ।

२.परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा...

(क) "गाउँपालिका" भन्नाले रघुगंगा गाउँपालिका सम्झनु पर्छ ।

(ख) "गाउँसभा" भन्नाले रघुगंगाको गाउँ सभा सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले रघुगंगाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) "अध्यक्ष र उपाध्यक्ष" भन्नाले रघुगंगाको अध्यक्ष र उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रघुगंगाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले रघुगंगाका सवै वडाका अध्यक्षहरु सम्झनुपर्छ ।

(छ) "सदस्य "भन्नाल रघुगंगा गाउँकार्यपालकाका सदस्य तथा गाउँ सभाका सदस्य समेत लाई सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "शिक्षा शाखा प्रमुख" भन्नले रघुगंगा गाउँकार्यपालिका कार्यालय अन्तरगत रहेको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "विद्यालय"भन्नाले रघुगंगा गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालय समेत लाई सम्झनुपर्छ ।

(ट) "शिक्षक " भन्नाले रघुगंगाका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापन कार्यमा खटाइएको जनशक्ति सम्झनु पर्दछ  यसले विद्यालय कर्मचारी लेखा सहायक र सहयोगी कार्यकर्ता समेतलाइ जनाउछ ।

(ठ) "कर्मचारी" भन्नाले रघुगंगा गाउँपालिका अन्तरगत कार्यरत निजामति स्थायी कर्मचारी सम्झनु पर्दछ ।

परिच्छेद-२

३ करार शिक्षक छनौट सम्वन्धि व्यवस्था

१ नेपाल सरकारवाट स्वीकृत दरवन्दिमा स्थायी शिक्षक नियूक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियूक्ति गर्नुपर्ने भएमा समितिले निर्णय सहित गाउँपालिकावाट करार शिक्षक नियूक्तिकालागि अनुमति प्राप्त गर्नुपर्नेछ । अनुमति संगसगै गाउँपालिका मार्फत शिक्षक सेवा आयोगको करार शिक्षक नियूक्तिका लागि प्रकासित सूचि प्राप्त गर्नु पर्नेछ ।

२ उपदफा १ वमोजिमको प्राप्त सूचीमा एक भन्दा वढि उमेदवारले करार नियूक्ति पाउँभनि निवेदन दिएमा नियूक्तिका लागि प्रकासित सूचिमा पहिलो नम्वरमा नाम भएको उमेदवारलाइ पहिलो प्राथमिकता दिइ विषय मिल्ने भएमा व्यवस्थापन समितिले वढिमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियूक्ति गर्न सक्नेछ ।

३ उपदफा २ वमोजिमको उमेदवार प्राप्त हुन नसकेमा शिक्षक छनोट समितिले सिफारिश गरेको व्यक्तिलाइ व्यवस्थापन समितिले वढिमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्नुपर्नेछ ।

४ शिक्षक छनोट समितिले सिफारिस गरेको उमेदवारले नियुक्ति नवुझेमा वा नियुक्ति वुझेर कामकाज गरेको १५ दिन पुरा नहुँदै करार भंग गरेमा स्वत: योग्यताक्रमको सूचिमा रहेको वैकल्पिक उमेदवारलाइ विद्यालय व्यवस्थापन समितिले नियूक्त गर्नु पर्नेछ ।

५ उपदफा ३ वमोजिम नियूक्तिका लागि गरीएको विज्ञापन स्थानीय स्तरको पत्रिका गाउँपालिकाको कार्यालय वडा कार्यालय र सम्वन्धित विद्यालयको सूचनापाटिमा टाँस गर्नुपर्नेछ ।

५ उपदफा २ वमोजिम नियूक्त हुन निवेदन दिने शिक्षकले आफ्नो योग्यताका प्रमाणपत्रहरु अध्यापन अनुमतिको प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु सहित तोकिएको दस्तुर सहित निवेदन दिनुपर्ने छ ।

क उपदफा ४ वमोजिम गरिएको विज्ञापनमा अध्पापन अनुमति पत्र भएको उमेदवारको निवेदन पर्न नआएमा दोश्रो पटक ७ दिनको विज्ञापन गरिनेछ र दोश्रो पटकको विज्ञापनमा आधारभूत तह कक्षा ६-८ का लागि विज्ञान विषय  र माध्यमिक तह कक्षा ९-१० का विज्ञान अंग्रेजी गणित विषयहरुको लागि अध्यापन अनुमति पत्र लाइ अनिवार्यता गरिने छैन।

६ यस नियम वमोजिम करार शिक्षक नियूक्त गरेको जानकारी सहित को फाइल गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ र गाउँपालिकाको शिक्षा शाखाले पनि उक्त फाइलको अभिलेखीकरण गरी जानकारी विद्यालयलाइ दिनु पर्नेछ ।

७ एक शैक्षिक सत्र सम्म पनि स्थायी पद पूर्ति हुन नसकेमा व्यवस्थापन समितिले एकपटकमा ६ महिनाको दरले म्याद थप गर्नुपर्नेछ र उक्त कुराको जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

८ यो कार्यविधिमा तोकिएको प्रक्रिया नपुराइकन शिक्षक नियूक्त गरेमा प्रमुख प्रशासकीय अधिकृतले वदर गर्नसपर्नेछ ।

**४ शिक्षक छनौट समितिको गठन**

१ विद्यालयमा करारमा शिक्षक नियूक्तिका लागि सिफारिश गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक छनोट समिति रहनेछ ।

क विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख गाउँपालिकाको शिक्षा शाखा प्रमुख  वा प्रमुख प्रसासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य

ग माध्यमिक तहको शीक्षक छनोट गर्नुपर्ने भएमा शिक्षासास्त्र विषयमा कतिमा नातककोतर र अन्य तहको शिक्षक छनोट गर्नुपर्न् भएमा शिक्षा सास्त्र विषयमा कम्तिमा  स्नातकतह उत्तिर्ण गरेका व्यक्तिहरु मध्यवाट उपलव्ध भए सम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुइजना - सदस्य

घ प्रधानाध्यापक -सदस्य सचिव

२ उपदफा १ वमोजिम मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

३ शिक्षक छनोट समितिको सचिवालय विद्यालय हुनेछ ।

४ लिखित र अन्तरवार्ताका परीक्षाहरु गाउँ कार्यपालिकाको कार्यालय वा गाउँकार्यपालिकाले तोकेको स्थानमा  तोकेको स्थानमा सञ्चलन गर्नु पर्नेछ ।

६ लिखित र अन्तरवार्तकाका परीक्षाहरु शिक्षक सेवा आयोगले स्थायी शिक्षकका लागि तयर गरेको पाठ्यक्रममा आधारित भएर गर्नु पर्नेछ।

७ उत्तर पुस्तिका परीक्षणको विधि र अन्तरवार्ता सञ्चालन समितिले तय गरे वमोजिम हुनेछ ।

८ अन्तरवार्ता र सिफारिस कार्य यहि समितिमा निहित हुनेछ ।

परिच्छेद-३

विविध

७ वाधा अडकाउ फुकाउःयस कार्यविधि उपर कुनै प्रश्न उठन गएमा अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ।

८ वचाउःयस कार्यविधि जारी हुनु भन्दा पहिले उल्लेखि विषयमा भए गरेका कामहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिने  छ ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत